
# गहुँ जोन प्रोफाईल पुस्तिका



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

परियोजना कार्यान्वयन एकाइ, रुपन्देही

# गहुँ जोन प्रोफाईल पुस्तिका

## आ.व.२०७८/०७९

**Wheat Zone Profile Book**
**FY 2021/022**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, रुपन्देही
फोन नः ०७१-५७०९१७, ०७१-५७०२०१, ०७१-५८७००६
ईमेलः pmamp.piu.rupandehi@gmail.com
बेभसाईटः https://piurupandehi.pmamp.gov.np

गहुँ जोन प्रोफाईल पुस्तिका आ.व.२०७८/०७९
(Wheat Zone Profile Book  FY 2021/22)
प्रकाशकः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, रुपन्देही

प्रकाशन मितिः २०७८ चैत्र
मुद्रणः २०० प्रति

श्रोत उद्दत गर्ने ठेगाना ( Citation Address):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रुपन्देही, २०७८. गहुँ जोन प्रोफाईल पुस्तिका आ.व.२०७८/०७९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ, रुपन्देही, नेपाल
PMAMP, PIU, Rupandehi. 2021. Wheat Zone Profile Book, 2021/22. Prime Minister Agriculture Modernization Project, Project Implementation Unit, Rupandehi, Nepal

## मेरो भनाई

कृषि उपजहरूको विशिष्टकृत क्षेत्रहरू निर्माण एंव निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिशपर्धात्मक क्षमता अभिवृद्धि मार्फत सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास एंव रोजगारीका अवसरहरु सृजना गर्ने उद्देश्यका साथ आ.व.२०७३/०७४ देखि रुपन्देही जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत माछा सुपरजोन कार्यक्रम सञ्चालनमा रहेको छ। यससँगै आ.व.२०७८/०७९ मा जिल्लाका मर्चवार क्षेत्रका ३ वटा स्थानीय तहको १० वटा वडाबाट गहुँ जोन कार्यक्रम कार्यान्वयनको शुरुवात भएको छ। गहुँ जोन क्षेत्रमा गहुँ/गहुँको बीउको उत्पादन/उत्पादकत्व अभिवृद्धि गर्न, यान्त्रीकरण प्रवर्द्धनमा टेवा पुर्याउने, सिंचाईका पुर्वाधार मार्फत गहुँको प्रवर्दन गर्ने, बीउ प्रशोधन तथा भण्डारण गृह निर्माण मार्फत उत्पादित बीउको गुणस्तरमा सुधार ल्याउने र बजारीकरणको प्रवर्दन गर्ने, उन्नत प्रविधिहरुको विस्तार एंव प्रसार गर्ने कार्यक्रम सञ्चालन गर्ने गहुँ जोनको उद्दश्य रहेको छ।यस अन्तर्गत संचालित क्रियाकलापहरुबाट कृषकहरुको ज्ञान, सिप एंव धारणामा आएको परिवर्तनका कारण कृषि उत्पादन वृद्धि गर्न, आयस्तर बढाउन, स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गर्न तथा कृषिमा आधुनिकीकरण एंव व्यवसायीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत गहुँ जोन प्रोफाईल पुस्तिकामा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत गहुँ जोनका बारेमा १० वटै वडाबाट तथ्याङ्क सङ्कलन गरी विविध जानकारी सहितको सम्पूर्ण गहुँ जोन क्षेत्रको प्रोफाईल समावेश गरिएको छ। अद्यवधिक प्रोफाईल पुस्तिकालाई विभिन्न खण्डमा विभाजन गरिएको छ। साथै यस प्रोफाईलमा आ.व.२०७८/०७९ मा क्षेत्र निर्धारण भएका १० वटा वडाबाट तथ्याङ्क सङ्कलन गरी गहुँ जोनसँग सम्बन्धित विविध जानकारीहरु समावेश गरिएको छ। त्यसैगरी अनुसुचिमा परियोजना क्षेत्र निर्धारण सम्बन्धी विवरण, आवद्ध भएका समूह, सहकारी तथा नीजि फर्महरुको विवरण, तथ्याङ्कको लागि नमूना लिएका संस्थाहरुको विवरण तथा अन्य जानकारी समावेश गरिएको

छ । प्रस्तुत प्रोफाईल पुस्तिकाले रुपन्देही जिल्लामा सञ्चालित गहुँ जोन सम्बन्धी विवरणात्मक जानकारी दिन तथा संचालित विभिन्न क्रियाकलापहरुको बारेमा आयोजना समाप्त भए पश्चातको प्रभावको मुल्यांकन गर्न उपयोगी सिद्द हुने अपेक्षा गरेको छु। गहुँ जोन क्षेत्रमा कार्य गर्नु हुने कृषि तथा गैह्र कृषि क्षेत्रको विकास तथा अनुसन्धान एंव व्यवसायमा संग्लग्न निकायहरुका लागि महत्वपुर्ण श्रोत सामाग्रीको रुपमा रहने कुराको समेत विश्वाश लिएको छु ।

अन्तमा यस प्रोफाईल पुस्तिका तयारीका क्रममा आवश्यक सामाग्री तथा तथ्यांक संकलन, विश्लेषण, लेखन तथा सम्पादन कार्यमा आवश्यक सहयोग गर्ने कृषि अधिकृत श्री जोगेन्द्र कान्दु, श्री सुमन खनाल, बाली विज्ञको रुपमा कार्यरत श्री सुदिप मरासिनी, ना.सु. श्री जिवन पौडेल तथा लेखापाल श्री कृष्णा खनाल तथा वि.एस्सी कृषि इन्टर्नलाई हार्दिक धन्यवाद दिन चाहन्छु। प्रोफाईल पुस्तिका तयारीका लागि आवश्यक तथ्यांक संकलनमा सहयोग गर्नु हुने स्थानीय तहका कृषि प्राविधिकहरु, गहुँ जोन संचालक समितिका पदाधिकारीहरु, कृषक समुह-सहकारीका पदाधिकारी एंव कृषकहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। यस प्रोफाईल पुस्तिकामा रहेका कमी कमजोरीहरुलाई औंल्याई जानकारीमुलक एंव उपयोगी प्रकाशनका रुपमा परिमार्जनका लागि आवश्यक रचनात्मक सुझाव एंव पृष्ठपोषणका लागि सम्पुर्ण पाठक वर्ग एंव प्रयोगकर्ताहरुमा हार्दिक अनुरोध गर्दछु ।

नारायण काफ्ले<br>वरिष्ठ कृषि अधिकृत

# विषय सूची

## खण्ड – क

१. आयोजनाको संक्षिप्त परिचय........................................................१
१.१ सोंच........................................................२
१.२ लक्ष्य........................................................२
१.३ उद्देश्यहरु........................................................२
१.४ परियोजनाका संभागहरु ........................................................३
१.५ परियोजना संचालनका अवधारणा........................................................३
१.६ गहुँ जोन रुपन्देहीको परिचय........................................................४
१.६.१ गहुँ जोनको उद्देश्य........................................................५
१.६.२ गहुँ जोनमा संचालन हुने क्रियाकलापहरु........................................................५
१.६.३ जोन निर्माण प्रक्रिया........................................................६
१.६.४ जोन संचालन प्रक्रिया ........................................................६
१.७ प्रोफाईलको उद्देश्य........................................................७

## खण्ड – ख

२. गहुँ जोन प्रोफाईलको विवरण........................................................९
२.१ अध्ययन विधि तथा तरिका ........................................................९
२.१.१ स्थानको छनोट........................................................९

२.१.२ नमुनाको छनौट ........................................९
२.१.३ जानकारीको श्रोत........................................९
२.१.४ तथ्यांक संकलनको तरिका........................................९
२.१.५ फिल्ड सर्भे........................................१०
२.१.६ तथ्यांक प्रविष्टि प्रशोधन एंव विश्लेषण........................................१०
२.१.७ प्रारम्भिक प्रोफाइल तयारी तथा पृष्ठपोषण संकलन ................१०
२.१.८ अन्तिम प्रोफाईल तयारी तथा निर्माण........................................१०
२.१.९ प्रोफाईलको ढाँचा ........................................१०
२.२ अध्ययन विश्लेषण........................................११
२.२.१ जोन क्षेत्रको परिचय ........................................११
२.२.१.२ जनसंख्या सम्बन्धी विवरण........................................११
२.२.१.३ घरपरिवारमा सदस्य संख्याको वर्गिकरण........................ १२
२.२.१.४ उमेर अनुसार जनसंख्याको वर्गिकरण ............................१३
२.२.२ पुर्वाधार सम्बन्धी विवरण ........................................१६
२.२.२.२ गहुं खेती गर्ने जग्गा र सडक देखिको दुरीको अवस्था..........१६
२.२.३ गहुँ बाली सम्बन्धी विवरण........................................१९
२.२.३.३ गहुँ लगाउने समय........................................२०
२.२.३.४ गहुँको उत्पादन एंव विक्रि सम्बन्धी विवरण....................२०

२.२.३.५ बीउ प्रतिस्थापनको अवस्था....................................... २१

२.२.३.६ बीउको श्रोत........................................................ २२

२.२.४ गहुँ सम्बन्धी प्राविधिक ज्ञान........................................ २५

२.२.५.२ गहुँको मुल्य....................................................... ३०

२.३ निष्कर्ष.................................................................. ३२

अनुसूची

## अनुसूची

अनुसूची १ ............................................................ ३५
अनुसूची २ ............................................................ ३५
अनुसूची ३ ............................................................ ३७
अनुसूची ४ ............................................................ ३८

## खण्ड - क

### १. आयोजनाको संक्षिप्त परिचय

देशको करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जिविकाको लागि कृषि क्षेत्रमा निर्भर रहेको भएता पनि यस क्षेत्रको कूल गार्हस्थ उत्पादनमा करिब २५.८ (कृषि, वन तथा मत्स्यपालन) प्रतिशत (आर्थिक सर्वेक्षण, २०७७/७८) योगदान रहेको छ। नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धी हकलाई जनताको मौलिक हकका रुपमा स्थापित गरीसकेको साथै दिगो आत्मनिर्भर एवं व्यवसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० बर्षे रणनीति (ADS) कार्यान्वयनको क्रममा रहेको छ। आर्थिक रुपले सकृय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा बढ्दै गईरहेको श्रम शक्तिको अभाव, कृषि उत्पादनमा बढ्दो उत्पादन लागत, बढ्दो जग्गाको खण्डिकरण, घडेरीकरण, उर्वर कृषि भूमिको गैर कृषि, तथा जलवायु परिवर्तनको नकारात्मक प्रभाव, उत्पादनका सामाग्रीहरुको अप्रर्याप्त आपूर्ति, ग्रामीण तथा भौतिक पूर्वाधारहरुको अप्रयाप्तता, साना, खण्डित र अव्यवस्थित भू–उपयोगको अवस्था, आवश्यक ज्ञान, प्रविधि तथा श्रमशक्ति सर्वसुलभ नहुनु, कृषि उत्पादन विविधिकरण, प्रतिस्पर्धी र वजारमुखी हुन नसक्नु, जीवनाशक विषादीको सुरक्षित प्रयोगबारे प्रर्याप्त जानकारी नहुनु, अनुसन्धान, शिक्षा र प्रसार बीचको त्रिपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरु पर्याप्त मात्रामा बिस्तार हुन नसक्नु जस्ता कारणहरुले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल हुन सकेको छैन। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आबश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, वाली वस्तुमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आबश्यक पूर्वाधारको ब्यवस्था जस्ता प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृयाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना गरीएको छ।

कृषि क्षेत्रको समग्र आधुनिकीकरणको प्रक्रियालाई तिव्र पार्न र बाह्य परिवेशसंग सामन्जस्यता ल्याउन आधुनिक कृषिका निम्न आयामहरुलाई समावेश गरी आधुनिकीकरणको प्रक्रियाको थालनी गर्न आ. व. २०७३/०७४ देखि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयनमा रहेको छ।

१. भूमिको वैज्ञानिक उपयोग
२. आधुनिक कृषि प्रविधिहरुको अवलम्वन
३. कृषिमा यान्त्रिकीकरण
४. कृषि उपजहरुको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरुको विकास
५. कृषि अनुसन्धान – शिक्षा – प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्वन
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिबृद्धि
८. वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्वन

## १.१ सोंच

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

## १.२ लक्ष्य


समग्र कृषि मुल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औधोगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने।

## १.३ उद्देश्यहरु

१. प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने
२. निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
३. कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने, र

४. बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## १.४ परियोजनाका संभागहरु





## १.५ परियोजना संचालनका अवधारणा



## १.६ गहुँ जोन रुपन्देहीको परिचय

कृषि क्षेत्रको सम्रग आधुनिकीकरणको प्रक्रियालाई तिव्र पार्न र बाह्य परिवेशसंग सामन्जस्यता ल्याउन आधुनिक कृषिका विभिन्न आयामहरुलाई समावेश गरी आधुनिकीकरणको प्रक्रियाको थालनी गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आ.व. २०७३/७४ देखि १० वर्षे परियोजना संचालन भएको छ। जस अनुरुप  आ.व. २०७८/०७९ देखि रुपन्देही जिल्लामा गहुँ तथा गहुँ बीउको व्यवसायीक उत्पादन तथा प्रशोधन केन्द्र विकास गर्नका लागि जिल्लाका ३ वटा स्थानीय तहका १० वटा वडाहरु (अनुसूचि १) का जम्मा २० वटा कृषक समुह, ७ वटा कृषि सहकारी, २ समिति र ३ वटा फर्म गरी जम्मा ३२ वटा समूह/सहकारी/नीजि फर्म (अनुसूचि २) मार्फत जम्मा ५३५ हे. क्षेत्रफललाई लक्षित गरी विभिन्न कार्यक्रमहरको शुरुवात गरिएको छ ।




चित्र नं. १. गहुँ जोन कार्यक्रम कार्यान्वयन भएका वडाहरु सहितको स्थानीय तहको विवरण

## १.६.१ गहुँ जोनको उद्देश्य

- ❖ कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने गरी गहुँ तथा गहुँ बीउको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,
- ❖ जोन क्षेत्रमा कृषि यान्त्रीकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने
- ❖ जोन तथा आसपासका क्षेत्रहरुमा रोजगारीका अवसरहरु श्रृजना गर्ने

## १.६.२ गहुँ जोनमा संचालन हुने क्रियाकलापहरु

- ❖ जोन क्षेत्रमा रासायनिक तथा प्राङ्गारिक मल, उन्नत तथा हाईबिड बीउ विजन, रसायनिक एवं जैविक विषादीहरु लगायतका उत्पादन सामग्रीहरुमा तोकिए बमोजिम अनुदान सहयोग उपलव्ध गराउने ।
- ❖ गहुँ तथा गहुँ बीउको सहभागितात्मक व्यवसायीक उत्पादन प्रविधि प्रदर्शन संचालन, बजारीकरण, मूल्य श्रृंखला विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम संचालन ।
- ❖ यान्त्रीकरण प्रवर्दनका लागि उत्पादन देखि बजारीकरणसम्म आवश्यक पर्ने सवै प्रकारका मेशिनरी औजार उपकरणको सेट सहितको सेवा उपलव्ध गराउन Custom Hiring Center स्थापनाका लागि पूंजीगत अनुदान उपलव्ध गराउने ।
- ❖ व्यवसायीकरणका लागि प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग लगायतका उत्पादनोपरान्त आवश्यक पूर्वधारहरु रहेको एक पोष्ट हार्भेष्ट सेन्टर निर्माण गर्ने।
- ❖ पूर्वाधार विकास सहयोग तर्फ लिफ्ट, डिप तथा स्यालो ट्युववेल जडान, सिंचाईकुलो मर्मत तथा सुधार, आवश्यक कृषि पूर्वाधारहरु (Community Seed Banks, Processing, Grading And Packaging Units, Marketing Infrastructures, CAESC Infrastructure, Quarantine Infrastructures/ Laboratories) लगायतमा सहयोग पुर्याउने ।

- ❖ प्राङ्गारिक मल कारखाना, टिस्यु कल्चर ल्याव, हाइटेक नर्सरी लगायतका पूर्वाधार निर्माणमा सहयोग पुर्याउने।

## १.६.३ जोन निर्माण प्रक्रिया

- ❖ भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा तोकिएको क्षेत्रमा तोकिएका बाली/वस्तुका जोनहरु निर्माण गर्न चाहने कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि कार्यमा संलग्न सहकारी, कृषि उद्यमी तथा व्यवसायीको सुचि तयार गर्ने व्यवस्था अनुरुप जोन क्षेत्र विस्तारसँगै अनुसुची २ बमोजिम गहुँ उत्पादक कृषकहरुको सुचि तय भएको ।
- ❖ सूचीकृतहरु मध्येवाट आवश्यक संख्यामा जोन छनौटका लागि परियोजना कार्यान्वयन एकाइ (PIU) ले सम्बन्धित विषय विज्ञको संयोजकत्वमा आवश्यकतानुसार सदस्यहरु रहने एक प्राविधिक कार्यदल बनाउनेछ ।
- ❖ उक्त कार्यदलले तोकेका सूचकहरु र स्थलगत प्रमाणिकरण समेतका आधारमा सिफारिश गरे अनुरुप जोन क्षेत्रको छनौट सम्बन्धित परियोजना कार्यान्वयन एकाइ (PIU) ले गर्नेछ ।
- ❖ तोकिएको क्षेत्रमा जोन संचालन गर्न तोकिएको क्षेत्रफल नपुगेमा सम्भाव्य वरिपरिको क्षेत्र समेत समावेश गर्न सकिनेछ ।
- ❖ यसरी जोन क्षेत्र संचालन गर्न छानिएका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि कार्यमा संलग्न सहकारी, कृषि उद्यमी तथा व्यवसायीहरु रहने जोन संचालक समिति गठन हुने ।

## १.६.४ जोन संचालन प्रक्रिया

- ❖ परियोजना कार्यान्वयन एकाइले जोन विकास कार्यक्रम सञ्चालनमा सहजीकरण र लाभग्राहीको अनुगमन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी परियोजना कार्यान्वयन एकाइमा जोन स्थापनाका लागि सूचीकृत भएका निश्चित क्षेत्र भित्रका संस्थाहरुको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय जोन सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ। यसरी गठन

हुने समितिमा कम्तीमा ३ जना महिलाको सहभागिता हुनु पर्नेछ। सदस्य मध्ये एक जना समितिको संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आर्थिक वर्षको हुनेछ ।

- ❖ तोकिएको क्षेत्रफलको व्यवस्थापन गरी कृषि उद्यमी, कम्पनी वा फर्म एक्लैले संचालन गर्ने जोन क्षेत्रको हकमा भने त्यस्तो कृषि उद्यमी स्वयंमले नै जोन सन्चालक समितिको भूमिका निर्वाह गर्नेछ। जोन कार्यान्वयनमा खटिने तोकिएको बरिष्ठ कृषि अधिकृत, नजिकको कृषि सेवा केन्द्र, फार्म केन्द्र, कृषि तालिम केन्द्र र कृषि अनुसन्धान केन्द्रका प्रतिनिधिहरु, सरोकारवाला निकायका जिल्ला स्थित कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु समेत जोन संचालक समितिको सल्लाहकारका रुपमा रहनेछन्।
- ❖ सम्बन्धित स्थानिय तहको प्रमुख समितिको आमन्त्रित सदस्यको रुपमा रहने ।
- ❖ नेपाल सरकारको तर्फबाट यस समितिलाई जाने सम्पूर्ण सहयोग रकमको उपयोग गर्न जोन कार्यान्वयनमा खटिने जोन प्रमुखको सहमतिमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार खर्च हुने।
- ❖ जोन संचालक समिति र परियोजना कार्यान्वयन एकाइ बिच स्विकृत बार्षिक कार्यक्रम संचालनका लागि सम्झौता हुने ।
- ❖ जोन संचालन समन्वय समितिले जोन क्षेत्र भित्रका कृषक, कृषक समुह, सहकारीहरुको मागमा आधारित कार्यक्रमहरुको प्रस्तावना तयार गरी परियोजना कार्यान्वयन एकाइमा पेश गर्ने।

## १.७ प्रोफाईलको उद्देश्य

- जोन क्षेत्रको विधमान अवस्थाबारे जानकारी प्राप्त गर्न
- जोन क्षेत्रमा उपलव्ध कृषि जन्य श्रोत एंव अवलम्वन गरीएका प्रविधिहरुको प्रसार तथा विस्तार गर्ने

- जोन क्षेत्रमा गहुँ जन्य क्रियाकलाप सम्बन्धी विद्यमान अवस्थाको जानकारी लिने
- जोन क्षेत्रका कृषकहरुले अवलम्वन गरेका आधुनिक अभ्यास, कृषि यन्त्र एंव औजारहरुका बारेमा जानकारी लिने
- कृषि क्षेत्रमा आवद्द रहेका अन्य सरोकारवाला निकायहरु तथा ति निकायहरुको भुमिका सम्बन्धमा जानकारी लिने
- जोन क्षेत्रका मुख्य समस्याहरुको पहिचान गर्ने ।

# खण्ड – ख

## २. गहुँ जोन प्रोफाईलको विवरण

### २.१ अध्ययन विधि तथा तरिका

#### २.१.१ स्थानको छनौट

आ.व.२०७८।०७९ मा जोनमा आवद्द सबै कृषक समुह सहकारी एंव सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रति वडाबाट कम्तिमा २५ वटा घरधुरी सर्वेक्षण गर्ने गरी स्थानको छनौट गरीएको थियो ।

#### २.१.२ नमुनाको छनौट

फिल्ड सर्भेका लागि जोनमा आवद्द प्रत्येक कृषक समुह सहकारीका कुल सदस्य संख्यामध्ये २५ प्रतिशत कृषक वर्गहरुलाई नमुनाको रुपमा छनौट गरी प्रश्नावली सोधिएको थियो।

#### २.१.३ जानकारीको श्रोत

जोन प्रोफाईलका तयारीका लागि आवश्यक जानकारी प्राथमिक र द्वितिय तथ्यांक संकलन श्रोतबाट लिइएको थियो । प्राथमिक तथ्यांक संकलनका लागि जोनमा आवद्द कृषकहरुबाट प्रश्नावलीको माध्यमबाट लिइएको थियो भने द्वितिय तथ्यांकका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रकाशित वुकलेट, वुलेटिन, पुस्तिका, कृषि विकास रणनितिको दस्तावेज, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको दस्तावेज, कृषि ज्ञान केन्द्र कार्यालयको वार्षिक पुस्तिका आदिबाट लिइएको थियो।

#### २.१.४ तथ्यांक संकलनको तरिका

तथ्यांक संकलनमा प्रयोग भएको घरधुरी सर्वेक्षण फारम परियोजना व्यवस्थापन एकाइको समन्वयमा तयार गरीएको थियो। Purposive sampling & Semi Structured Interview विधिको प्रयोग गरी प्राथमिक तथ्यांकहरु संकलन गरीएको थियो भने द्वित्तिय तथ्यांकहरु आवश्यकता अनुसार प्रकाशित पुस्तिका प्रतिवेदन एंव दस्तावेजबाट संकलन गरीएको थियो ।

## २.१.५ फिल्ड सर्भे

तथ्यांक संकलनका लागि नमुना छनौट पश्चात अन्तरवार्ताका लागि छानिएका कृषक घरधुरीमा पुगी संकलकहरुले तथ्यांक संकलन गरेका थिए । तथ्यांक संकलन कार्य २०७८ माघ र फागुन महिनामा संचालन गरीएको थियो ।

## २.१.६ तथ्यांक प्रविष्टि प्रशोधन एंव विश्लेषण

फिल्डबाट प्राप्त भएका प्राथमिक तथ्यांक कम्प्युटरमा कोडिंग गरी प्रविष्टि गरीयो। SPSS version 16.0 तथा Window Excel को प्रयोग गरी तथ्यांक प्रविष्टि एंव विश्लेषण गरीएको थियो ।

## २.१.७ प्रारम्भिक प्रोफाईल तयारी तथा पृष्ठपोषण संकलन

तथ्यांक प्रविष्टि प्रशोधन तथा विश्लेषण पश्चात प्रारम्भिक प्रोफाइल तयार गरीएको थियो। उक्त प्रारम्भिक प्रोफाइललाई सरोकारवालाहरुको उपस्थितिमा प्रस्तुति गरी परिमार्जनका लागि थप पृष्ठपोषण एंव सुझाव प्राप्त गरीएको थियो ।

## २.१.८ अन्तिम प्रोफाईल तयारी तथा निर्माण

प्रारम्भिक प्रोफाइलको प्रस्तुति पश्चात प्राप्त पृष्ठपोषण एंव सुझावका आधारमा प्राथमिक तथ्यांकहरुको पुनर्पीरिक्षण एंव पुनर्पुष्टका लागि द्वितिय तथ्यांकहरु समेत समावेश गरी प्रशोधन एंव विश्लेषण पश्चात प्रश्नावलीमा रहेका सवै जानकारीहरु समावेश गरी तथ्याक एंव आवश्यक पुष्टिका लागि भाषा समेतको प्रयोग गरी प्रोफाइलाई अन्तिम रुप प्रदान गरी पुस्तकको आकार प्रदान गरीयो।

## २.१.९ प्रोफाईलको ढाँचा

प्रोफाइललाई जानकारी मुलक बनाउन जोन क्षेत्रका समग्र वस्तुस्थिति स्पष्ट झल्कने गरी तयारी गर्ने उद्देश्यका साथ मुख्य दुइ खण्डमा विभाजन गरीएको छ। प्रथम खण्डमा जोनको सामान्य परिचयसँग सम्बन्धित विषय वस्तुहरु समावेश गरीएका छन भने द्वितिय खण्डमा तोकिएको बाली गहुँ/गहुँ बीउसँग सम्बन्धित प्राविधिक पक्षहरु तिनका आर्थिक एंव सामाजिक पक्षहरुको विश्लेषण सहित समावेश गर्ने जमर्को गरीएको छ।

## २.२ अध्ययन विश्लेषण

### २.२.१ जोन क्षेत्रको परिचय

#### २.२.१.१ जोन क्षेत्र

गहुँ जोन रुपन्देही जिल्लाका ३ वटा स्थानीय तह क्रमश कोटहीमाई गाउँपालिका को वडा ५, ६ र ७, सम्मरीमाई पालिकाको वडा ४, ६, र ७ तथा मर्चवारी गाँउपालिकाको वडा ४, ५, ६ र ७ मा फैलिएको छ। साथै यसको प्रभाव क्षेत्र करिव ५३५ हे. क्षेत्रफलको रहेको छ।

**तालिक १. जोन क्षेत्रफल**

| क्र.स. | वडा | क्षेत्रफल (हे.) |
|---|---|---|
| १ | कोटहीमाई-५ | ६५ |
| २ | कोटहीमाई-६ | ५१ |
| ३ | कोटहीमाई-७ | ७९ |
| ४ | सम्मरीमाई-४ | ७१ |
| ५ | सम्मरीमाई-६ | ५७ |
| ६ | सम्मरीमाई-७ | ५२ |
| ७ | मर्चवारी-४ | ४५ |
| ८ | मर्चवारी-५ | ३३ |
| ९ | मर्चवारी-६ | ४३ |
| १० | मर्चवारी-७ | ३९ |
| | **जम्मा** | ५३५ |

#### २.२.१.२ जनसंख्या सम्बन्धी विवरण

जोन क्षेत्रको जम्मा जनसंख्या ५१९१८ रहेको छ। जसमध्ये पुरुषको जनसंख्या २६५१५ रहेको छ भने महिलाको जनसंख्या २५४०३ रहेको छ।

**तालिक २. जनसंख्या सम्बन्धी विवरण**

| क्र.स. | वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | कोटहीमाई-५ | २८०९ | २७९७ | ५६०६ |
| २ | कोटहीमाई-६ | २७५६ | २५१४ | ५२७० |

| क्र.स. | वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ३ | कोटहीमाई-७ | २७५८ | २६०६ | ५३६४ |
| ४ | सम्मरीमाई-४ | २२२५ | २१६२ | ४३८७ |
| ५ | सम्मरीमाई-६ | ३७७१ | ३४७८ | ७२४९ |
| ६ | सम्मरीमाई-७ | २४६५ | २५८१ | ५०४६ |
| ७ | मर्चवारी-४ | २४१० | २२७२ | ४६८२ |
| ८ | मर्चवारी-५ | २३६५ | २१६९ | ४५३४ |
| ९ | मर्चवारी-६ | ३०८४ | २९२६ | ६०१० |
| १० | मर्चवारी-७ | १८७२ | १८९८ | ३७७० |
| जम्मा | | २६५१५ | २५४०३ | ५१९१८ |

स्रोत: केन्द्रिय तथ्यांक विभाग

### २.२.१.३ घरपरिवारमा सदस्य संख्याको वर्गिकरण

जोन क्षेत्रमा मध्यम पारिवारिक आकारको वाहुल्यता रहेको पाइन्छ भने न्युन परिवार हुने संख्या अत्यन्तै न्युन रहेको छ। उत्तरदाताका अनुसार करिव ६३.७१ प्रतिशत जनसंख्या मध्यम आकारको परिवार भित्रका रहेका छन। करिव ३१.०५ प्रतिशत जनसंख्या मात्र वृहत आकारको परिवार भित्र रहेका छन भने ५.२ प्रतिशत न्युन आकारको परिवार भित्र रहेका छन।

**तालिक ३. परिवार संख्या सम्बन्धी विवरण**

| क्र. स. | ठेगाना | ४ जना भन्दा कम न्यून | ४ देखी ९ जना मध्यम | ९ जना भन्दा बढी बृहत |
|---|---|---|---|---|
| १ | कोटहीमाई-५ | - | ५०.०० | ५०.०० |
| २ | कोटहीमाई-६ | १०.०० | ६०.०० | ३०.०० |
| ३ | कोटहीमाई-७ | ४.३५ | ४७.८३ | ४७.८३ |
| ४ | सम्मरीमाई-४ | ६.६७% | ६६.६७ | २६.६७ |
| ५ | सम्मरीमाई-६ | ४.७६ | ६४.२९ | ३०.९५ |
| ६ | सम्मरीमाई-७ | ६.०६ | ७५.७६ | १८.१८ |
| ७ | मर्चवारी-४ | ३.७० | ७४.०७ | २२.२२ |

| क्र. स. | ठेगाना | ४ जना भन्दा कम न्यून | ४ देखी ९ जना मध्यम | ९ जना भन्दा बढी बृहत |
|---|---|---|---|---|
| ८ | मर्चवारी-५ | – | ६०.०० | ४०.०० |
| ९ | मर्चवारी-६ | १०.३४ | ६२.०७ | २७.५९ |
| १० | मर्चवारी-७ | – | ५७.१४ | ४२.८६ |
| औषत | | ५.२४ | ६३.७१ | ३१.०५ |

### २.२.१.४ उमेर अनुसार जनसंख्याको वर्गिकरण

गहुँ जोन क्षेत्रमा संचालित घरधुरी सर्वेक्षणमा सहभागि कृषकहरुको वर्गिकरण गर्दा अधिकाँश उत्तरदाता ३० देखि ५० वर्ष समुह भित्रका रहेका छन। ३० वर्षभन्दा कम र ७० बर्ष भन्दा बढी उमेर संख्या १९.६० प्रतिशत रहेको छ ।

तालिका ४. उमेर अनुसार जनसंख्या विवरण (प्रतिशत)

| क्र. स. | ठेगाना | ३० बर्ष भन्दा कम | ३० देखि ५० वर्ष | ५० देखि ७० वर्ष | ७० बर्ष भन्दा बढी |
|---|---|---|---|---|---|
| १ | कोटहिमाई-५ | १००.०० | - | - | - |
| २ | कोटहीमाई-५ | १९.०५ | ४७.६२ | ९.५२ | २३.८१ |
| ३ | कोटहीमाई-६ | २६.०९ | ३९.१३ | २६.०९ | ८.७० |
| ४ | कोटहीमाई-७ | १६.६७ | ३३.३३ | ३६.६७ | १३.३३ |
| ५ | सम्मरीमाई-४ | ७.१४ | २८.५७ | ३०.९५ | ३३.३३ |
| ६ | सम्मरीमाई-६ | २१.२१ | २७.२७ | ३३.३३ | १८.१८ |
| ७ | सम्मरीमाई-७ | २२.२२ | २२.२२ | ३३.३३ | २२.२२ |
| ८ | मर्चवारी-४ | १०.०० | ४५.०० | २५.०० | २०.०० |
| ९ | मर्चवारी-५ | २५.८१ | ३२.२६ | २२.५८ | १९.३५ |
| १० | मर्चवारी-६ | २८.५७ | २८.५७ | ३३.३३ | ९.५२ |
| औषत | | १९.६० | ३२.४० | २८.४० | १९.६० |

### २.२.१.५ जोन क्षेत्रमा कृषकहरुको आम्दानीको अवस्था

सर्वेक्षण गरेको घरधुरीमा दुई लाख भन्दा बढि वार्षिक आम्दानी हुने घरधुरीको संख्या ३१.६४ प्रतिशत देखियो भने रु. पचास हजार भन्दा कम वार्षिक आम्दानी हुने घरधुरी करिव ३८.० प्रतिशत देखियो ।

**तालिका ५. आम्दानी सम्बन्धी विवरण (प्रतिशत)**

| क्र. सं. | ठेगाना | ५० हजार भन्दा कम | ५० हजार देखि १ लाख सम्म | १ लाख भन्दा बढी | रु. १.५ देखि २ लाख सम्म | रु. २ लाख भन्दा वढि |
|---|---|---|---|---|---|---|
| १ | कोटहीमाई-५ | - | - | ५०.०० | - | ५०.०० |
| २ | कोटहीमाई-६ | ४७.६ | १९.०५ | ९.५२ | - | २३.८१ |
| ३ | कोटहीमाई-७ | ४३.४ | ४.३५ | १३.०४ | १३.०४ | २६.०९ |
| ४ | सम्मरीमाई-४ | ३.३३ | २०.०० | १३.३३ | ३.३३ | ६०.०० |
| ५ | सम्मरीमाई-६ | २.३८ | - | १९.०५ | ९.५२ | ६९.०५ |
| ६ | सम्मरीमाई-७ | - | १५.१५ | २४.२४ | १२.१२ | ४८.४८ |
| ७ | मर्चवारी-४ | ४८.१ | २५.९३ | ७.४१ | ७.४१ | ११.११ |
| ८ | मर्चवारी-५ | ६०.० | ५.०० | २०.०० | - | १५.०० |
| ९ | मर्चवारी-६ | ८०.६ | ३.२३ | ३.२३ | - | १२.९० |
| १० | मर्चवारी-७ | ९५.२ | ४.७६ | - | - | - |
| **औषत** | | ३८.० | ९.७५ | १५.९८ | ४.५४ | ३१.६४ |

### २.२.१.६ साक्षरताको अवस्था

साक्षरताको अवस्था हेर्दा अनौपचारिक शिक्षा मात्रका ४८.०४ प्रतिशत देखियो भने माध्यमिक शिक्षा भन्दा माथिको अवस्था औसत १७.७७ प्रतिशत मात्र रहेको पाइयो। राम्रो साक्षरताको अवस्थाले कृषिको नविन प्रविधि अवलम्बन गर्ने सहयोग हुने देखिन्छ।

तालिका ६. जोन क्षेत्रमा साक्षरताको विवरण (प्रतिशत)

| क्र सं. | ठेगाना | निरक्षर | अनौपचारिक शिक्षा मात्र | माध्यमिक शिक्षा | माध्यमिक शिक्षा भन्दा माथि |
|---|---|---|---|---|---|
| १ | कोटहीमाई-५ | - | ५०.०० | - | ५०.०० |
| २ | कोटहीमाई-६ | १९.०५ | ५२.३८ | ९.५२ | १९.०५ |
| ३ | कोटहीमाई-७ | १७.३९ | ३०.४३ | १७.३९ | ३४.७८ |
| ४ | सम्मरीमाई-४ | २६.६७ | ५०.०० | १६.६७ | ६.६७ |
| ५ | सम्मरीमाई-६ | ४७.६२ | ४२.८६ | ७.१४ | २.३८ |
| ६ | सम्मरीमाई-७ | १२.१२ | ७५.७६ | ९.०९ | ३.०३ |
| ७ | मर्चवारी-४ | २२.२२ | ३७.०४ | ११.११ | २९.६३ |
| ८ | मर्चवारी-५ | १०.०० | ७०.०० | १५.०० | ५.०० |
| ९ | मर्चवारी-६ | १९.३५ | २९.०३ | ३८.७१ | १२.९० |
| १ | मर्चवारी-७ | १९.०५ | ४२.८६ | २३.८१ | १४.२९ |
| | **औषत** | १९.३५ | ४८.०४ | १४.८४ | १७.७७ |

### २.२.१.७ जोन क्षेत्रमा सिंचाई प्रणालीको प्रयोगको अवस्था

जोन क्षेत्रमा सिंचाईको मुख्य श्रोत/माध्यम बोरिङ रहेको जस्को हिस्सा ७६ प्रतिशत रहेको पाइएको छ। त्यसै गरी कुलोबाट ५.४६ प्रतिशत तथा नहरबाट मात्र १८.३७ प्रतिशत जति सिंचाई हुने गरेको देखिन्छ ।

तालिका ७. जोन क्षेत्रमा सिंचाई प्रणालीको प्रयोगको अवस्था (प्रतिशत)

| क्र.सं. | ठेगाना | कुलो | नहर | बोरिङ |
|---|---|---|---|---|
| १ | कोटहीमाई-५ | - | - | १००.०० |
| २ | कोटहीमाई-६ | ९.५२ | १९.०५ | ७१.४३ |
| ३ | कोटहीमाई-७ | ४.३५ | ८.७० | ८६.९६ |
| ४ | सम्मरीमाई-४ | ६.६७ | ३३.३३ | ६०.०० |
| ५ | सम्मरीमाई-६ | - | ७१.४३ | २८.५७ |
| ६ | सम्मरीमाई-७ | ३.१३ | ६.२५ | ९०.६३ |
| ७ | मर्चवारी-४ | - | ३.७० | ९६.३० |
| ८ | मर्चवारी-५ | १०.०० | ३०.०० | ६०.०० |

| क्र.सं. | ठेगाना | कुलो | नहर | बोरिङ |
|---|---|---|---|---|
| ९ | मर्चवारी-६ | १६.१३ | ६.४५ | ७७.४२ |
| १० | मर्चवारी-७ | ४.७६ | ४.७६ | ९०.४८ |
| औषत | | ५.४६ | १८.३७ | ७६.१८ |

## २.२.२ पुर्वाधार सम्बन्धी विवरण

### २.२.२.१ सडक पूर्वधार सम्बन्धी अवस्था

जोन क्षेत्रमा सर्वेक्षणको क्रममा प्राप्ता नतिजा अनुसार पिच बाटोको प्रधानता रहेको छ ।४.०१ प्रतिशत मौषमी बाटो र ४२.०५ प्रतिशत ग्राभेल रोड रहेको पाइयो ।

**तालिका ८. जोन क्षेत्रमा सडक सम्बन्धी विवरण (प्रतिशत)**

| क्र.सं. | ठेगाना | मौसमी | ग्राभेल | पिच |
|---|---|---|---|---|
| १ | कोटहिमाई-५ | - | ५०.०० | ५०.०० |
| २ | कोटहीमाई-५ | ६.६७ | ३६.६७ | ५६.६७ |
| ३ | कोटहीमाई-६ | ३.५७ | ४२.८६ | ५३.५७ |
| ४ | कोटहीमाई-७ | ६.४५ | ३२.२६ | ६१.२९ |
| ५ | सम्मरीमाई-४ | १.५४ | ३८.४६ | ६०.०० |
| ६ | सम्मरीमाई-६ | - | ५०.०० | ५०.०० |
| ७ | सम्मरीमाई-७ | १३.६४ | ३६.३६ | ५०.०० |
| ८ | मर्चवारी-४ | - | ४८.१५ | ५१.८५ |
| ९ | मर्चवारी-५ | ५.३६ | ४२.८६ | ५१.७९ |
| १० | मर्चवारी-६ | २.८६ | ४२.८६ | ५४.२९ |
| औषत | | ४.०१ | ४२.०५ | ५३.९५ |

### २.२.२.२ गहुँ खेती गर्ने जग्गा र सडक देखिको दुरीको अवस्था


गहुँ जोन क्षेत्र सदरमुकाम भन्दा २२ कि.मी. देखि २८ कि.मी. टाढा सम्म रहेको छ त्यसैगरी गहुँ उत्पादन क्षेत्रहरु बाटो भन्दा ०.९ कि.मी देखि २.५ कि.मी को परिधी भित्र रहेको पाइयो भने स्थानीय बजार क्षेत्रबाट ०.७ कि.मी. देखि १.८ कि.मी. सम्मको दुरिमा रहेको पाइयो। गहुँ जोन क्षेत्रको नजिकको बजार भैरहवा तथा सबैभन्दा टाढाको बजार क्षेत्रको रुपमा बुटवल रहेको छ।

## तालिका ९. गहुँ खेती गर्ने जग्गा र सडक देखिको दुरी सम्बन्धी विवरण


| ठेगाना | जिल्ला सदरमुकामबाट खेती गर्ने जमिनको दुरी | | सडकबाट खेती गर्ने जमिनको दुरी | | बजार केन्द्रबाट खेती गर्ने जमिनको दुरी | |
|---|---|---|---|---|---|---|
| | कि.मी. | समय (घन्टा) | कि.मी. | पैदल मिनेट | कि.मी. | पैदल मिनेट |
| कोटहीमाई-५ | २२.५० | १.२ | २.५ | १७.५ | १.८ | २६.० |
| कोटहीमाई-६ | २२.८३ | १.६ | ०.९ | ८.८ | १.५ | ३१.८ |
| कोटहीमाई-७ | २३.५६ | १.१ | २.० | ९.८ | १.३ | २८.६ |
| सम्मरीमाई-४ | २६.३२ | १.६ | १.५ | २३.७ | १.४ | ३१.५ |
| सम्मरीमाई-६ | २५.४३ | १.६ | १.९ | २४.९ | १.६ | ३०.६ |
| सम्मरीमाई-७ | २८.४२ | २.९ | १.० | २६.७ | ०.९ | २५.८ |
| मर्चवारी-४ | २८.६७ | १.९ | २.१ | २७.८ | १.६ | २७.७ |
| मर्चवारी-५ | २८.०० | १.५ | २७.५ | १३.६ | ०.७ | १६.० |
| मर्चवारी-६ | २७.३० | १.४ | १.१ | १४.७ | ०.८ | १०.८ |
| मर्चवारी-७ | २६.८६ | १.६ | १.० | १४.१ | ०.८ | ११.४ |

### २.२.२.३ विधुत र सञ्चार सम्बन्धी अवस्था

जोन क्षेत्रको ८५.४ प्रतिशत कृषकहरुमा विधुतको पहुँच रहेको तथा १४.६ प्रतिशत कृषकहरुमा अझै पनि विधुतको सुबिधा नरहेको पाइयो। त्यसै गरी ईन्टरनेट सेवाको सुबिधा सबै वडामा पुगेको र कोटहीमाई-५ मा ईन्टरनेट सेवाको सुबिधा धेरै कृषकहरुको पहुँचमा रहेको पाईयो ।




चित्र नं. २. विधुत सेवाको पहुँचको विवरण (प्रतिशत)




चित्र नं. ३. सञ्चार सम्बन्धी विवरण

रेडियोको पँहुच सबै क्षेत्रमा रहेको तथा उत्तरदातामध्ये करिव ६१.३४ प्रतिशतले रेडियो रुपन्देही, २१.३३ प्रतिशतले रेडियो लुम्बिनी तथा १५.१६ प्रतिशतले रेडियो नेपाल सुन्ने गरेको पाइयो ।

**तालिका १०. विभिन्न एफ. एम. सुन्नेको विवरण (प्रतिशत)**

| ठेगाना | रुपन्देही | लुम्बिनी | रेडियो नेपाल | अन्य |
|---|---|---|---|---|
| कोटहीमाई-५ | ५०.०० | - | ५०.०० | - |
| कोटहीमाई-६ | ७६.१९ | - | २३.८१ | - |
| कोटहीमाई-७ | ८६.९६ | - | १३.०४ | - |
| सम्मरीमाई-४ | १०.०० | ६३.३३ | २६.६७ | - |
| सम्मरीमाई-६ | ६९.०५ | - | २६.१९ | ४.७६ |
| सम्मरीमाई-७ | ३.१३ | ९६.८८ | – | - |
| मर्चवारी-४ | ७७.७८ | ११.११ | ३.७० | ७.४१ |
| मर्चवारी-५ | ८५.०० | १०.०० | ५.०० | - |
| मर्चवारी-६ | ८३.८७ | १२.९० | ३.२३ | - |
| मर्चवारी-७ | ७१.४३ | १९.०५ | - | ९.५२ |
| **औषत** | ६१.३४ | २१.३३ | १५.१६ | २.१७ |

## २.२.३ गहुँ बाली सम्बन्धी विवरण

### २.२.३.१ गहुँको क्षेत्रफल उत्पादन तथा उत्पादकत्व

गहुँ जोन क्षेत्रमा स्थानिय तहबाट प्राप्त विवरण बमोजिम जम्मा ५५३ हे. क्षेत्रफलमा गहुँ लगाउने गरेको देखिन्छ भने सबै भन्दा बढि कोटहीमाई-७ तथा सबैभन्दा कम मर्चवारी-५ मा रहेको देखिन्छ। प्राप्त नतिजाअनुसार जोन क्षेत्रको समग्र उत्पादकत्व करिव ३.३५ मे.टन. प्रति हे. रहेको छ ।

तालिका ११. गहुँको क्षेत्रफल उत्पादन तथा उत्पादकत्व

| क्र.सं. | ठेगाना | खेती क्षेत्रफल (हेक्टर) | उत्पादन (मे. टन) | उत्पादकत्व मे. टन प्रति हेक्टर |
|---|---|---|---|---|
| १ | कोटहीमाई-५ | ६५ | १९५ | ३.०० |
| २ | कोटहीमाई-६ | ५१ | १४९.९४ | २.९४ |
| ३ | कोटहीमाई-७ | ७९ | २३४.६३ | २.९७ |
| ४ | सम्मरीमाई-४ | ७१ | २५५.६ | ३.६० |
| ५ | सम्मरीमाई-६ | ५७ | १९७.२२ | ३.४६ |
| ६ | सम्मरीमाई-७ | ५२ | १९४.४८ | ३.७४ |
| ७ | मर्चवारी-४ | ४५ | १६५.१५ | ३.६७ |
| ८ | मर्चवारी-५ | ३३ | ९१.७४ | २.७८ |
| ९ | मर्चवारी-६ | ४३ | १११.३७ | २.५९ |
| १० | मर्चवारी-७ | ३९ | १२५.१९ | ३.२१ |
|  | औषत | ५३५ | १७९२.२५ | ३.३५ |

### २.२.३.३ गहुँ लगाउने समय

जोन क्षेत्रका अधिकांस कृषकहरुले कार्तिकको अन्तिम हप्ता देखि मंसिरको दोस्रो हप्तासम्म गहुँ लगाउने गर्ने गरेको पाइयो। असाध्यै छिटो लगाएको कार्त्तिकको १५ भन्दा अघि र असाधयै ढिलो लगाएको मंसिर १५ पछिको उत्पादन कम हुने गरेको अध्ययनको क्रममा कृषक बाट जानकारी पाइयो।

### २.२.३.४ गहुँको उत्पादन एंव बिक्रि सम्बन्धी विवरण

घरधुरी सर्वेक्षण अनुसार कुल उत्पादनको करिव ५२.७८ प्रतिशत गहुँ मात्र बिक्री गर्ने गरेको पाइयो। सम्मरीमाई-७ मा सबैभन्दा कम १७.५६ प्रतिशत तथा कोटहीमाई- ७ मा सबैभन्दा बढी ९४.४८ प्रतिशत गहुँ बिक्रि गर्ने गरेको पाइयो । गहुँ बिक्रि गर्ने कृषकले औसत रुपमा प्रति के.जी. रु. २३.४७ मूल्य पाउने गरेको पाइयो।

तालिका १२. उत्पादन तथा बिक्री परिमाण (मे.टन)

| क्र.सं. | ठेगाना | उत्पादन मे. टन | बिक्रि परिमाण मे. टन | बिक्रि प्रतिशत | मुल्य |
|---|---|---|---|---|---|
| १ | कोटहीमाई-५ | १९५ | १४१.८ | ७२.७३ | २७.५० |
| २ | कोटहीमाई-६ | १४९.९ | ९५.३६ | ६३.६ | १९.९५ |
| ३ | कोटहीमाई-७ | २३४.६ | २२१.७ | ९४.४८ | १७.३२ |
| ४ | सम्मरीमाई-४ | २५५.६ | ९८.४१ | ३८.५ | २०.२० |
| ५ | सम्मरीमाई-६ | १९७.२ | ३५.४ | १७.९५ | २७.८८ |
| ६ | सम्मरीमाई-७ | १९४.५ | ३४.१५ | १७.५६ | १४.९४ |
| ७ | मर्चवारी-४ | १६५.२ | ७०.७८ | ४२.८६ | २७.६८ |
| ८ | मर्चवारी-५ | ९१.७४ | ५९.८५ | ६५.२४ | २५.७६ |
| ९ | मर्चवारी-६ | १११.४ | ६७.८१ | ६०.८९ | २७.६३ |
| १० | मर्चवारी-७ | १२५.२ | ६७.६५ | ५४.०४ | २५.८० |
| औषत | | १७९२ | ८९२.९ | ५२.७८ | २३.४६ |

### २.२.३.५ बीउ प्रतिस्थापनको अवस्था

